# प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत
# न्यूनतम रोजगारीमा
# संलग्न हुनको लागि निवेदन दिने बारे सुचना

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको सुचना तथा रोजगारीको हकसम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, को दफा १८ बमोजिम आगामी आ.व.२०७६/०७७ मा आँबुखैरेनी गाँउपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ बर्ष उमेरको बेरोजगार व्यक्तिहरुले २०७५ साल चैत्र महिनाभित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

## निवेदन दिन आउँदा

- निवेदकले आफ्नो नागरिकताको १ प्रति फोटोकपी र एउटा पासपोर्ट साईजको फोटो सहित परिवारको अन्य सदस्यको नागरिकता साथमा ल्याउनु पर्ने छ।
- निवेदकले आफ्नो बैङ्क खाता छ भने बैङ्क खाताको विवरण जस्तै : बैङ्क नाम र ठेगाना खाता नम्बर साथै खाताको प्रकार खुलाउनु पर्ने छ।
- परिवारको बार्षिक आय खुलाउनु पर्ने छ।
- एकै परिवारका बेरोजगार व्यक्तिहरुले छुटाछुटै निवेदन दिनुपर्ने छ।
- निवेदनको ढाचाँ वडा कार्यालयबाट निशुल्क उपलब्ध छ । यसलाई www.aanbookhaireni.gov.np / www.pmep.gov.np बाट डाउनलोड गर्न सकिने छ। निवेदन दिन शुल्क लाग्दैन। निवेदन पूर्ण रुपमा भरी वडा कार्यालयमा बुझाउनु पर्ने छ।

(थप जानकारीको लागि सम्पर्क व्यक्ति : रोजगार संयोजक श्री कमला गैह्रे ( सुवेदी )
मोवाईल नं. ९८४९६०७७७९)

**आँबुखैरेनी गाँउपालिका**